सर्वोच्च अदालत

काठमाडौं

# सर्वोच्च अदालत

## प्रेस विज्ञप्ती

### सम्माननीय प्रधान न्यायाधीशसँग भारतका राजदूतको भेट

मिति २०८० साल मंसीर १५ गते सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ र नेपालका लागि भारतीय राजदूत महामहिम श्री नविन श्रिवास्तव बीच सर्वोच्च अदालतको विशिष्ट कक्षमा शिष्टाचार भेट सम्पन्न भयो।

शिष्टाचार भेटमा सम्माननीय प्रधान न्यायाधीश श्री विश्म्भरप्रसाद श्रेष्ठ ज्यूले दुइ देशले अबलम्बन गरेको एकै प्रकारको कानूनी र समान प्रकृतिको न्यायिक पद्धति रहेको नेपाल र भारतमा अन्य क्षेत्रमा जस्तै न्यायपालिका एवम् न्याय क्षेत्रको आपसी सम्बन्ध र सहकार्य पनि त्यत्तिकै महत्वपूर्ण रहेको भन्ने धारणा राख्दै भविश्यमा समेत दुइ देशका न्यायपालिकाको बीचमा हुन सक्ने सहयोग, समन्वय र सहकार्यका क्षेत्र अझै फराकिलो बन्दै जाने विश्वास समेत व्यक्त गर्नु भयो। यस अवसरमा महामहिम राजदूतले भारत र नेपालको न्यायपालिकाको क्षेत्रमा हुने अनुभवको आदान प्रदानले दुइ देशको न्यायपालिका बीच सम्बन्ध बजवुद हुने हुँदा नेपालको न्यायिक जनशक्तिका लागि तालिम, प्रशिक्षण, अवलोकन भ्रमण लगायतका कार्यक्रमहरुको लागि आफूले समन्वय गर्ने बताउनु भयो।

भेटमा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार लालबहादुर कुँवर, सह रजिष्ट्रार द्वय बिमल पौडेल, अर्जुनप्रसाद कोइराला तथा भारतीय दूतावासका First Secretary Political नभिन कुमार र परराष्ट्र मन्त्रालयका अधिकृत समेतको उपस्थिति रहेको थियो।

मिति २०८०।८।१५ गते शुक्रबार